# महोत्तरी जिल्ला, वर्दिवास न.पा. १० स्थित मुसहर वन उपभोक्ता समितिले रकम हिनामिना गरेको सम्बन्धी उजुरीको छानविन प्रतिवेदन

## १. पृष्ठभूमी

केन्द्रको निर्णयानुसार हामिहरुलाई केन्द्रमा प्राप्त महोत्तरी जिल्ला, वर्दिवास न.पा. १० स्थित मुसहर वन उपभोक्ता समिति गठन भई मुसहरको आर्थिक उन्नतीको लागि Care Nepal ले वन मन्त्रालयको सहमती लिई २१ विगाहा जंगल वन उपभोक्ता समितिलाई हस्तान्तरण गरेकोमा आप, लिचि जस्ता अन्य फलफूल ठेक्कावाट वार्षिक ५० लाख भन्दा वढीको आम्दानी तथा काठदाउरा विक्रीवाट आम्दानी भएको रकम अन्य वाहिरका मानिसहरको मिलेमतोमा हिनामिना गरेको र वर्दिवास ११ मा पर्ने सरस्वती वन उपभोक्ता समितिमा पनि काठ दनउरा उपभोक्तालाई उपलब्ध नगराई विचौलियालाई दिने र आम्दानी भएको रकम हिनामिना गरेको हुँदा छानविन गरी कारवाही गरीपाउँ भन्ने समेतको उजुरीका सम्वन्धमा छानबिन गरी प्रतिबेदन पेश गर्न खटाईएकोमा निम्नानुसारको प्रतिबेदन पेश गरेका छौ ।

## २. उजुरी तथा छानविनको विषयवस्तु

क. महोत्तरी जिल्ला, वर्दिवास न.पा. १० स्थित मुसहर वन उपभोक्ता समिति गठन भई मुसहरको आर्थिक उन्नतीको लागि Care Nepal ले वन मन्त्रालयको सहमती लिई २१ विगाहा जंगल वन उपभोक्ता समितिलाई हस्तान्तरण गरेकोमा आप, लिचि जस्ता अन्य फलफूल दाउरा काठवाट वार्षिक ५० लाख भन्दा वढीको ठेक्का लागि आम्दानी भएको रकम अन्य वाहिरका मानिसहरको मिलेमतोमा हिनामिना गरेको ।

ख वर्दिवास ११ मा पर्ने सरस्वती वन उपभवक्ता समितिमा काठ दाउरा उपभोक्तालाई उपलब्ध नगराई विचौलियालाई दिने र आम्दानी भएको रकम हिनामिना गरेको ।

## ३. छानविनवाट प्राप्त तथ्यहरु

**क** महोत्तरी जिल्ला, वर्दिवास न.पा. १० स्थित मुसहर वन उपभोक्ता समिति गठन भई मुसहरको आर्थिक उन्नतीको लागि Care Nepal ले वन मन्त्रालयको सहमती लिई २१ विगाहा जंगल वन उपभोक्ता समितिलाई हस्तान्तरण गरेकोमा आप, लिचि जस्ता अन्य फलफूल दाउरा काठवाट वार्षिक ५० लाख भन्दा वढीको ठेक्का लागि आम्दानी भएको रकम अन्य वाहिरका मानिसहरको मिलेमतोमा हिनामिना गरेको सम्न्धमा निम्नानुसार रहेको देखिन्छ-

- श्री मुसहर सामुदायिक वन उपभोक्ता समिति खयरमारा- ७ विधान २०५३ लागू भएपश्चात विधिवत रुपमा स्थापना भएको देखिन्छ । हाल उक्त विधानको पहिलो संशोधन २०५९ २०६१/३/२८ मा जिल्ला वन कार्यालय महोत्तरीमा दर्ता भई विधिवत रुपमा हालसम्म कार्य सम्पादन भएको देखिन्छ ।
- उक्त उपभोक्ता समितिको स्थापनाको उद्येश्यहरु विधानको दफा १.१.४ अनुसार निम्नानुसार रहेको देखिन्छ ।

- वनको संरक्षण सम्वर्धन सदुपयोग गर्ने
- वनलाई सदा हरियाली वनाउन र लोप हुँदै गएका वन पैदवारको संरक्षण गर्ने ।
- उपभोक्ताहरुलाई वन पैदावार सुलभ तरीकावाट उपभोग गर्ने ।
- वन श्रोतको उचित प्रयोग गरी कृषिमा आधुनिकीकरण गर्ने ।
- भू-क्षय र अतिक्रमण नियंत्रण गर्ने ।
- चोरीनिकासी नियंत्रण गर्ने ।
- जडिवुटी खेती गरी नमुना सामुदायिक वन वनाउने ।
- नदी नियंत्रण गर्ने ।
- सामूदायिक वनको कार्यक्रमवाट महिला शसक्तिकरण गर्ने ।
- समूहको कोष बृद्धि गरी सरकारी संघ संस्था स्थानीय निकायसंग समन्वय गरी सहकार्य गर्ने ।
- सूलभ तरीकाले ऋण प्रवाह गरी समूहमा आय मूलक कार्य गर्ने ।
- पानीको श्रोत संरक्षण गरी पोखरी निर्माण गर्ने ।
- समूहमा प्राकृतिक श्रोत, मानवीय श्रोत, सामाजिक श्रोत पहिचान गरी आबस्यकता अनुसार परिचालन गर्ने ।
- सामूदायिक वन उपभोक्ता समूहलाई संस्थागत विकास गर्ने ।
- जैविक विविधताको संरक्षण र ब्यवस्थापन गर्ने ।
- तालिम गोष्ठी भ्रमणमा सहभागी हुने र संचालन गर्ने ।
- वन्यजन्तुको संरक्षण र उचित ब्यबस्थापन गर्ने ।

महोत्तरी जिल्लाको साविक खयरमारा गा.वि.स. ७ मा मुसहर सामुदायिक वन उपभोक्ता समिति रहेको देखिन्छ भने विधान अनुसार उपभोक्ता समितिको जम्मा ३६ घरधुरी रहेको देखिन्छ । उक्त सामूदायिक वन क्षेत्र ३८.२६ हेक्टर रहेको देखिन्छ ।

उक्त उपभोक्ता समूहको वन ब्यबस्थापन कार्ययोजना २०६१ लागु भई सोही अनुसार कार्य भैरहेको देखिन्छ ।उक्त कार्ययोजना १० बर्षे अर्थात आ.व. २०६१ देखि २०७१ सम्म रहेको देखिन्छ भने नयाँ कार्ययोजना वनाई लागु गरेको अवस्था देखिदैन ।

उपभोक्ता समुहको वन ब्यवस्थापन कार्ययोजना २०६१ ले निम्नानुसारको दिर्घकालिन र अल्पकालिन उद्धेश्यहरु राखेको पाईन्छ ।

अ. **दीर्घकालिन उद्धेश्य**

- वनको संरक्षण र सम्वर्धन गर्ने ।
- वनको सतह उपभोग गरी आर्थिक अवस्थामा सुधार ल्याउने ।
- पानीको मुहान संरक्षण गर्ने ।
- नदी कटान र भू-क्षय नियंत्रण गर्ने ।
- उपभोक्ताहरुको आवस्यकता अनुसार वनलाई नमुना खण्डमा विभाजन गरी संरक्षण र उपभोग गर्ने ।
- रोजगारको अवसर सृजना गर्ने ।
- फलफूल र कृषिजन्य खेती गरी कृषि प्रणालीमा टेवा पुर्याउने ।
- खाली चौरमा बृक्षारोपण गर्ने ।
- चोरी निकाशी तथा अतिक्रमण नियंत्रण गर्ने ।
- जैविक विविधताको संरक्षण गर्ने ।
- वातावरण सन्तुलन कायम गर्ने ।

आ. **अल्पकालिन उद्धेश्यहरु**

- दैनिक आवस्ययक पर्ने वन पैदावारको आपुर्ति गर्ने ।
- आयमूलक कार्यक्रम संचालन गरी विशेष मुसहर जाती र महिलाहरुको लागि आय आर्जनमा बृद्धि गर्ने ।
- उपभोक्ताहरुलाई वन विकाश कार्यमा लगाई रोजगारको अवसर दिने ।
- वनको हैसियत नविगारी वनलाई ब्यक्तिगत नमुना खण्ड विभाजन गरी नगदे वाली लगाउने ।
- भईरहेको फलफूल विरुवाको संरक्षण गरी उपभोग गर्ने ।
- उपभोक्ताहरुमा आय आर्जन र शीपमूलक कार्यको लागि विभिन्न तालिम, गोष्ठी संचालन गर्ने ।
- समूहमा नर्सरी स्थापना गर्ने ।
- सामुदायिक वनको माध्ययमवाट जिवीकोपार्जन गर्ने ।

उक्त कार्य योजनामा वन विकाश सम्वन्धि विभिन्न कार्यहरु जस्तै अग्नि विकासका कार्यहरु, चेकड्याम निर्माण तथा मर्मत, घाँस तथा वाँस रोपण कार्य, बृक्षारोपण कार्य, पुनः बृक्षारोपण कार्य, उप खण्ड विभाजन, गैरकाष्ठ पैदवार ब्यबस्थापन सम्वन्धि कार्य, सामुहिक विकासका कार्यहरुमा आयमूलक कार्यक्रम संचालन, वाल शिक्षा संचालन, शीपमूलक तालिमहरु संचालन, संघसंस्थालाई सहयोग, समूहको भेला संचालन र घटवन्ध मर्मत गर्ने कार्य निश्चित समयमा गर्ने भन्ने उल्लेख भएको देखिन्छ तर उक्त उपभोक्ता समितिले उल्लेखित कार्यहरु गरेको देखिदैन ।

हाल उक्त कार्ययोजनाको म्याद समाप्त भैसकेको अवस्थामा नयाँ कार्ययोजना नवनाई काम कारवाही भएको अवस्था देखिदा यस सम्वन्धमा डिभिजन वन कार्यालय महोत्तरीको ब्यापक लापरवाही देखिएकोले यसमा संलग्न जिम्मेवार कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीलाई कानुन बमोजिम कारवाहि हुनुपर्ने देखिन्छ ।

उक्त उपभोक्ता समूहले प्रत्येक बर्ष समुदायको सार्वजनिक भेलावाट वार्षिक कार्ययोजना वनाई सो अनुसार काम गर्नुपर्नेमा सो नगरी उपभोक्ता समितिले  आफूखुसी कार्यक्रम गरी खर्च गर्ने पद्दति देखिन्छ जुन नियम विपरीत देखिन्छ ।

उक्त उपभोक्ता समितिको बिधानको दफा २.६.२ मा साधारण सभाले गर्नुपर्ने कार्यहरु उल्लेख भएको पाईन्छ । उक्त दफाको **क** मा विधान र कार्ययोजना अनुसार काम समूहले गरे नगरेको समिक्षा गरी विधान र कार्य योजना अनुसार वार्षिक कार्ययोजना बनाउने उल्लेख भएको पाईन्छ साथै उक्त दफाको **घ** मा वार्षिक कार्ययोजना पारीत गरी वजेट वनाउनु पर्ने उल्लेख भएको देखिन्छ तर कुनै वार्षिक योजना तथा सो अनुसार वार्षिक वजेट वनाई कार्य गर्नु पर्नेमा सो नगरी विधान विपरीत कार्य गरी रकमहरु खर्च गरेको कार्य गैरकानुनी देखिन्छ ।

साथै उक्त विधानमा ब्यबस्था भएको प्रावधान अनुसार उपभोक्ता समुहको मासिक कम्तिमा १ पटक बैठक बस्नुपर्ने ब्यबस्थाको समेत पालना भएको पाईएन ।

विधान र कार्ययोजना अनुसार उपभोक्ता समितिले कार्य गर्नुपर्नेमा सो अनुसार नगरी आफूखुसी कार्य गर्नु गैरकानुनी कार्य भएकोले यसमा संलग्नलाई कानुन बमोजिम कारवाही हुनुपर्ने तथा सोसंग सम्वन्धित डिभिजन वन कार्यालय महोत्तरीका जिम्मेवार पदाधिकारीलाई समेत कारवाही हुनुपर्ने देखिन्छ ।

छानविन समितिलाई प्राप्त कागजात हेर्दा मिति २०७४/४/७ मा उपभोक्ता समितिको बैठक बसेको देखिन्छ । उक्त बैठकमा १. सामुदायिक भवन निर्माण गर्ने २. घेडावेडा गर्ने ३. आपको विरुवा

रोप्ने ४. सूचना प्रकाशित गर्ने ५. दलित मुसहर सामूदायिक घर निर्माण गर्ने र ६. बिबिध विषयको प्रस्तावमा विभिन्न निर्णय भएको देखिन्छ जस्तै- प्रस्ताव नं १. मा सामुदायिक वनको भवन नभएकोले सामुदायिक बनको जग्गामा भवन निर्माणको लागि सिमेन्ट, रड, वालुवा, ईटा खरिद तथा भवन निर्माणमा लाग्ने खर्च समुहको कोषवाट खर्च गर्ने निर्णय गरेको । प्रस्ताव नं २ मा घेडाबेडा गर्ने भनि गरीएको प्रस्तावमा समुहको कोषवाट रकम खर्च गर्ने भनि निर्णय गरेको देखिन्छ ।त्यसैगरी प्रस्ताव नं ३ अनुसार विरुवा रोप्ने भनि निर्णय गरेको देखिन्छ । त्यसैगरी प्रस्ताव नं ४ आँप वीक्री गर्नलाई सूचना प्रकाशन गर्ने निर्णय गरेको देखिन्छ । त्यसैगरी प्रस्ताव नं. ५ मा मुसहर वस्तीलाई समूहमा रहेको दलित मुसहरलाई घर निर्माणको लागि ३५ प्रतिशत रकम दिने निर्णय गरेको देखिन्छ । त्यसैगरी प्रस्ताव नं. ६ मा सामुदायिक वनको जग्गामा समुहको कोषवाट पोखरी निर्माण गर्न रकम दिने भनि निर्णय गरेको देखिन्छ ।

- मिति २०७४/३/१५ मा जिल्ला महोत्तरी वर्दिवास नपा-१० मा श्री मुसहर सामुदायिक वन उपभोक्ता समूहवाट वडाको सामूहिक विकासको लागि वर्दिवास न.पा. १० बस्ने रामपुकार राय यादवले यस सामुदायिक वन उपभोक्ता समूहको कोषवाट नगद रु.४,८८,७५० बुझिलिई भरपाई गरेको देखिन्छ । उक्त रकम के कुन प्रयोजनको लागि दिईएको हो स्पष्ट छैन र साधारण सभा तथा उपभोक्ता समिति ले समेत उक्त रकम दिने निर्णय गरेको देखिदैन । साथै उक्त बुझिलिएको रकम फर्छौटका लागि विल भरपाई समेत पेश गरेको देखिदैन । यसरी हेर्दा समूहको रकम गैरकानुनी रुपमा ब्यक्तिलाई वा डेको संलग्न कागजातवाट देखिदा संलग्न लाई कानुन वमोजिम कारवाही हुनुपर्ने देखिन्छ ।
- त्यसैगरी उपभोक्ता समितिको मिति २०७४/४/२२ गते वसेको बैठकले सामुदायिक वनको नाममा रहेको आँपको बगैचाको ठेक्का ३ वर्षको लागि सबैभन्दा वढी रकम रु. ५२,००,०००/ वोल वढावढ वाट ठेकेदार राकेश साहलाई दिएको देखिन्छ । उक्त ठेक्कावाट प्राप्त हुने रकम ३ किस्तामा सामुदायिक वनको नाममा प्राप्त हुने गरी ठेक्का सदर गर्ने निज राकेश साहसंग संझौता समेत गरेको देखिन्छ ।

- मिति २०७५/३/११ मा निम्नानुसारका ब्यक्तिहरुलाई ऋण लगानी गरेको देखिन्छ ।

| सि.नं. | नामथर | ठेगाना | उद्येश्य | रकम |
|---|---|---|---|---|
| १ | सुदनी सदा | वर्दिवास- खयरमारा | वाख्रापालन | रु.२५,०००। |
| २ | रजीया देवी सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| ३ | वरम सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| ४ | चौरसियादेवी सदा | वर्दिवास- खयरमारा | वाख्रापालन | रु.२५,०००। |

| | | | | |
|---|---|---|---|---|
| ५ | मोहीचन सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| ६ | डसनीदेवी सदा | वर्दिवास- खयरमारा | भैसीपालन | रु.१,००,०००। |
| ७ | राम प्रसाद सदा | वर्दिवास- खयरमारा | भैसीपालन | रु.१,००,०००। |
| ८ | हलारी कुमारि सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| ९ | विजय सदा | वर्दिवास- खयरमारा | भैसीपालन | रु.१,००,०००। |
| १० | परखियादेवी सदा | वर्दिवास- खयरमारा | भैसीपालन | रु.१,००,०००। |
| ११ | सुनिल सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| १२ | नन्दलाल सदा | वर्दिवास- खयरमारा | भैसीपालन | रु.१,००,०००। |
| १३ | जीचन सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.१,००,०००। |
| १४ | अर्जुन सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| १५ | रनजित सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| १६ | राजीदेवि सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| १७ | अनितादेवी सदा | वर्दिवास- खयरमारा | वाख्रापालन | रु.२५,०००। |
| १८ | गितादेवी सदा | वर्दिवास- खयरमारा | भैसीपालन | रु.१,००,०००। |
| १९ | जोगिन्दर सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| २० | मेधियादेवी सदा | वर्दिवास- खयरमारा | भैसीपालन | रु.१,००,०००। |
| २१ | सोनिल सदा | वर्दिवास- खयरमारा | भैसीपालन | रु.१,००,०००। |
| २२ | किरपाल सदा | वर्दिवास- खयरमारा | वाख्रापालन | रु.२५,०००। |
| २३ | रामचन्द्र माझी | वर्दिवास- खयरमारा | भैसीपालन | रु.१,००,०००। |
| २४ | सोगिन्दर सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| २५ | सनजय सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| २६ | फेकन सदा | वर्दिवास- खयरमारा | भैसीपालन | रु.१,००,०००। |
| २७ | पानकला सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| २८ | मेथुर सदा | वर्दिवास- खयरमारा | वाख्रापालन | रु.२५,०००। |
| २९ | भिम सदा | वर्दिवास- खयरमारा | गाईपालन | रु.५०,०००। |
| ३० | गोविन्दा सदा | वर्दिवास- खयरमारा | वाख्रापालन | रु.२५,०००। |
| | | | जम्मा | रु.१८,००,०००। |

यसरी उपभोक्ता समितिका सदस्यहरुलाई लगानी गरीएको भनिएका मध्य माथि उल्लेखित हाईलाईट गरीएका ब्यक्तिहरु सामुदायिक वनका उपभोक्ता रहेको देखिदैन भने साधारण सभावाट ऋण लगानी

गर्ने भन्ने कुनै निर्णय तथा समितिले कार्यविधि वनाएको देखिदैन तथा निर्णय विना लगानी गरेको देखिन्छ ।

- मिति २०७५/७/५ मा वसेको साधारण सभाले यस मुसहर सामुदायिक वन उपभोक्ता समुहमा वडा अध्यक्ष धनलाल क्षेष्ठले दिनु भएको निबेदन अनुसारको कार्यालय मा विभिन्न काम संचालन गर्नको लागि माग अनुसारको रकम रु.९,००,०००। , उपभोक्ता समितिको मिति २०७५/९/२५ मा वसेको बैठकले ऋण लगानी सम्वन्धि प्रस्तावमा मुसहर सामुदागिक वन उपभोक्ता समूहले मुसहर सामुदायिक वाहेक इतर समुहमा पशुपालन गर्ने उद्येश्यले रु. ९,००,०००। ऋण लगानी गर्ने र उक्त ऋण उठाउन सहज होस भन्ने उद्देश्यले यस वडाका वडा अध्यक्ष श्री धनलाल श्रेष्ठको रोहवरमा उक्त रकम अनेत्र कतै खर्च नभई ऋण लगानी भएको सर्वसहमतीवाट निर्णय गरियो भनि निर्णय गरेको देखिन्छ ।यसरी वार्ड अध्यक्ष जस्तो जिमेमेवार पदमा वहाल रहेका जनप्रतिनिधिले पटक/पटक गरी रु.१८,००,०००। गैरकानुनी तवरले बुझिलिएको र उक्त रकम के काममा कसरी खर्च भयो वा लगानी भयो भन्ने विषयमा प्रश्न अनुत्तरीत नै रहेकोले निजवाट उक्त रकमको सावाँ व्याज समेत अशुलउपर हुनुपर्ने देखिन्छ ।त्यसैगरी उक्त निर्णय वमोजिमको रकम भन्दा रु.३५,०००। हजारका दरले गरी जम्मा रु.१८,७०,०००। बुझिलिई भरपाई गरेको देखिन्छ ।

मिति मिति २०७५/७/५ मा वसेको साधारण सभाको निर्णानुसार मिति २०७५/९/२५ मा मुसहर सामुदायिक वन उपभोक्ता सदस्यहरुले तपसिल वमोजिमको गरिवी न्युनिकरण वापतको रकम बुझेको भनि भरपाई संलग्न राखेको देखिन्छ ।

| सि.नं. | नामथर | ठेगाना | उद्येश्य | रकम |
|---|---|---|---|---|
| १ | किशोरी यादव | वर्दिवास- खयरमारा | पशुपालन | रु.१,००,०००। |
| २ | रामवावु महतो | वर्दिवास- खयरमारा | पशुपालन | रु.१,००,०००। |
| ३ | मखन राय | वर्दिवास- खयरमारा | पशुपालन | रु.१,००,०००। |
| ४ | विजय कुमार यादव | वर्दिवास- खयरमारा | पशुपालन | रु.१,००,०००। |
| ५ | देवम यादव | वर्दिवास- खयरमारा | पशुपालन | रु.१,००,०००। |
| ६ | नवल किशोर विहारी | वर्दिवास- खयरमारा | पशुपालन | रु.१,००,०००। |
| ७ | कृष्ण कुमार यादव | वर्दिवास- खयरमारा | पशुपालन | रु.१,००,०००। |
| ८ | भरथ यादव | वर्दिवास- खयरमारा | पशुपालन | रु.१,००,०००। |
| ९ | मखन महतो | वर्दिवास- खयरमारा | पशुपालन | रु.१,००,०००। |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा | रु.९,००,०००। |

उक्त रु ९ लाख रकम उपभोक्ता समितिका सदस्यलाई पशुपालनको लागि ऋण लगानी गरेको उल्लेख भएको भएतापनि उल्लेखित ब्यक्तिहरु उपभोक्ताको समुहमा रहेको देखिदैन भने के/कुन प्रकृयावाट ऋण लगानी गरीएको हो स्पष्ट हुन सकेन ।

यसरी हेर्दा कागजातमा मात्र ऋण लगानी भएको अवस्था देखिनुको साथै उपभोक्ता भनि उपभोक्ता नै नभएका ब्यक्तिलाई ऋण लगानी गरेको देखिदा उल्लेखित रकम हिनामिना भएको हुनसक्ने देखिएकोले यस सम्वन्धमा जिम्मेवार पदाधिकारीलाई कानुन बमोजिम कारवाही हुन र समुहको रकम हर्जाना सहित फिर्ता गर्ने ब्यबस्था हुन मनासिव देखिन्छ ।

- त्यसैगरी मिति २०७६/५/३१ गते समुहको बैठक वसी ऋण लगानी प्रस्तावमा मुसहर सामुदायिकवन उपभोक्ता समूहले मुसहर समुदाय भन्दा इतर समुहमा पशुपालन गर्ने उद्देश्यले रु.७,००,०००। मात्र ऋण लगानी गर्ने र उक्त ऋण उठाउन सहज होस भन्ने उद्येश्यले यस वडाका वडा अध्यक्ष धनलाल श्रेष्ठको रोहवरमा उक्त रकम अनेत्र कतै खर्च नभई ऋण लगानी भएको सर्वसहमतीवाट निर्णय गरीयो भनि निर्णय गरेको देखिन्छ भने उल्लेखित रकम वर्दिवास -१० का वडा अध्यक्षले मिति २०७६/५/३० मा वुझी रकम वुझेको भरपाई समेत देखिन्छ ।

- उक्त निर्णानुसार मिति २०७६/६/२ मा मुसहर सामुदायिक वन उपभोक्ता सदस्यहरुले तपसिल वमोजिमको गरिवी न्युनिकरण वापतको रकम बुझेको भरपाई संलग्न राखेको देखिन्छ ।

| सि.नं. | नामथर | ठेगाना | उद्येश्य | रकम |
|---|---|---|---|---|
| १ | मिश्रीलाल राय | वर्दिवास- १० | वाखापालन | रु.१,००,०००। |
| २ | विन्देश्वर यादव | वर्दिवास- १० | भैसिपालन | रु.१,००,०००। |
| ३ | राजेश्वर यादव | वर्दिवास- १० | भैसिपालन | रु.१,००,०००। |
| ४ | जैसी महतो | वर्दिवास- १० | भैसिपालन | रु.१,००,०००। |
| ५ | पुकार महतो | वर्दिवास- १० | भैसिपालन | रु.१,००,०००। |
| ६ | रामछविला यादव | वर्दिवास- १० | गाईपालन | रु.१,००,०००। |
| ७ | मनोज कुमार राय | वर्दिवास- १० | भैसिपालन | रु.१,००,०००। |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा | रु.७,००,०००। |

उक्त रु ७ लाख रकम उपभोक्ता समितिका सदस्यलाई पशुपालनको लागि ऋण लगानी गरेको उल्लेख भएको भएतापनि उल्लेखित ब्यक्तिहरु उपभोक्ताको समुहमा रहेको देखिदैन भने के/कुन प्रकृयावाट ऋण लगानी गरीएको हो स्पष्ट हुन सकेन ।

त्यसैगरी मिति २०७६/३/८ मा मुसहर सामुदायिक वन उपभोक्ता समितिका अध्ययक्ष श्रीमती सोधग देवी सदाको अध्यक्षतामा साधारण सभा वसी यस मुसहर सामुदायिक वन उपभोक्ता समुहमा वर्दिवास १० का वडा अध्यक्ष धनलाल श्रेष्ठले दिएको निवेदन अनुसार विभिन्न कार्य संचालन गर्नु परेको दुँदा रु. ८,७५,०००। साधारण सभावाट अनुमोदन गरी रकम दिने भनि सर्वसहमतिवाट दिने निर्णय गरीयो भनि निर्णय गरेको देखिन्छ । उक्त रकम के प्रयोजनका लागि दिईएको हो सो स्पष्ट देखिदैन । संस्थाको रकम विना कुनै आधार वाँड्नु नियमसंगत देखिएन । त्यसैले उक्त रकम दुरुपयोग हुन नदिने ब्यबस्था मिलाउन र रकम दुरपयोग गर्नेलाई कानुन बमोजिम कारवाही हुनुपर्ने देखिन्छ ।

त्सैगरी सोही साधारण सभावाट उक्त मुसहर सामुदायिक वन उपभोक्ता समूहको भवन निर्माणको लागि भरपाई अनुसारको रकम साधारण सभावाट अनुमोदन भई दिने भनि निर्णय पारित गरीयो भनि निर्णय गरेको देखिन्छ । यसरी हेर्दा कुनै खरिद सम्वन्धि प्रकृया पुरा नगरी वील वमोजिमको रकम भुक्तानी दिने भनि भएको निर्णय विधिसम्वत देखिएन । संस्थाको कोषमा रहेको रकम मनपरी ढंगवाट खर्च गर्नु ब्यबहारिक समेत देखिएन ।

मिति २०७७/६/१२ गते सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीले गरिवी न्युनिकरण वापतको रकम वुझेको भरपाई संलग्न कागजातवाट देखिन्छ । उक्त रकम रु.१ लाखको दरले उपभोक्ता समितिको निर्णय विना उपभोक्ता समितिका पदाधिकारी **सचिव** राम दुरार यादव, **अध्यक्ष** सोहाग देवी सदा, **कोषध्यक्ष** जोग नारायण यादव, **सदस्य** मेघिया देवी सदा र सुधनी देवी सदालाई वाडफाड गरेको देखिन्छ । यसरी हेर्दा गरिवी न्युनिकरणको रकम उपभोक्ता समितिका पदाधिकारीले वाँडफाड गरेको र उक्त रकम के/कसरी कति ब्याजदरमा लगानी गरेको, गरीवको पहिचान नै नगरी कति अवधिको लागि हो कुनै कुरा उल्लेख भएको देखिदैन भने कुनै निर्णय समेत भएको नदेखिदा उपभोक्ता समितिका पदाधिकारिलाई कानुन बमोजिम कारवाही गरी उक्त रकम समूहको खातामा कानुन बमोजिम फिर्ता हुनुपर्ने देखिन्छ ।साथै रकम लगानी गर्ने भन्ने साभारण सभाको निर्णय समेत देखिदैन ।

मिति २०७६/५/१ मा मेधिया देवी, सोहाग देवी सदा र पखरिया देवी सदाको संयुक्त नाममा ज.जि. ०-६-० क्षेत्रफलको जग्गा उपभोक्ता समूहको कोषको रकम रु. ४,५०,०००। को लगानीवाट खरिद गरेको मालपोत कार्यालयवाट पारित भएको राजिनामा लिखतवाट देखिन्छ ।उक्त जग्गा उपभोक्ता समूहका सचिव राम दुरार राय यादव वाट समूहको अध्यक्ष, सदस्य र समूहमा सदस्य नरहेको परखिया देवी सदाको नाममा रजिष्ट्रेशन गरेको देखिन्छ । उक्त जग्गा खरिद गर्नको लागि रजिष्ट्रेशन शुल्क रु.१३,५००। मालपोत कार्यालयमा वुझाएको देखिन्छ भने समूहकी अध्ययक्ष सोहाग देवी सदाले मिति २०७६/३/१५ मा समूहवाट दलित मुसहरलाई जग्गा रजिष्ट्रेशनको लागि सहयोग रकम रु.३५,०००। र सोही मितिमै अर्को रु.३५,०००। गरी जम्मा रु.७०,०००। खर्च गर्नको लागि अध्यक्ष सवहाग देवि सदा हामी बुझीलिई यस भरपाईमा आफ्नो राजीखुसीसंग सहिछाप गरीदिए भनि रकम बुझेको भरपाईवाट देखिन्छ उक्त के कति दर रेटमा खरिद गरीएको हो सो सम्वन्धि कुनै पनि निर्णय साधारण सभावाट वा उपभोक्ता समितिवाट भएको देखिदैन । मालपोत कार्यालय वर्दिवासवाट पारित भएको लिखतमा रजिष्ट्रेशन दस्तुर वापत रु.१३,५००। अशुल भएको देखिन्छ तर समितिका अध्यक्ष सोहाग देवीले उक्त कार्यका लागि रु.७०,०००। भरपाई गरी वुझेकोले वाकी रु.५६,५००। को हिसाव देखिदैन ।

मुसहर सामुदायिक वन उपभोक्ता समितिको विधानको दफा ६.३ मा कोषको उपयोग सम्वन्धि ब्यबस्था उल्लेख गरेको पाईन्छ । जुन ब्यबस्था निम्नानुसार रहेको देखिन्छ —

क. आम्दानिको २५ प्रतिशत रकम समूहको वन विकास र ब्यबस्थापनमा खर्च गरिने ।

ख. समुहको सबै उपभोक्ता निरक्षर भएकोले आम्दानिको १० प्रतिशत प्रत्येक बर्ष वालवालिकाको शिक्षा र पौढ शिक्षामा खर्च गरिने ।

ग. आम्दानिको ५० प्रतिशत रकम उपभोक्ताको जिवनस्तर उठाउने काम आयमुलक तथा सुलभ तरीकावाट समुह गठन गरी ऋण दिने ब्यबस्था गरि दिने ब्यवस्था गरिने साथै तरकारी खेती, फलफुल खेती, बंगुर पालन, वाखा पालन, कुखुरा पालन आदिमा लगानी गरिने ।

घ. समुहको आम्दानिको १५ प्रतिशत रकम सामाजिक कार्यमा लगाईने ।

ङ. कोषमा भएको रकम समूहको समितिका निर्णयवाट रु.२,०००। सम्म खर्च गर्न सकिने र अरु सबै आम भेलावाट निर्णय गरी खर्च गरिने ।

तर विधानमा कोषको रकम खर्च गर्दा आमभेलाको निर्णय वमोजिम गर्नु पर्नेमा सो नगरी अध्ययक्षले मनपरी ढंगवाट पेश्की स्वरुप रकम बुझ्ने र खर्च गर्ने प्रबृती नियम संगत देखिदैन ।

- त्यसैगरी जिल्ला वन कार्यालयको, महोत्तरीको आ.व. ०७४/७५ को वायोईन्जिनियरीङ कार्य अन्तर्गत मुसहर सामुदायिक वन उपभोक्ता समूह र सो संग जोडिएर रहेको मडहा तथा खयरमारा खोला किनारमा २ वर्षे वाँस खरिद तथा रोपन कार्यक्रम अनुसार जम्मा लागत

अनुमान रु.१६,७०,०००। मध्ये जिल्ला वन कार्यालय महोत्तरीले रु.६,००,०००। र उपभोक्ता समितिवाट बेहोरीने रु.१०,००,०००।रहेको देखिन्छ ।सोही लागत अनुमान अनुसारको कार्य सम्पन्न गर्नको लागि डिभिजन वन कार्यालय तथा सामुदायिक वन उपभोक्ता समितिवीच २०७५/२/३१ मा संझौता भएको देखिन्छ ।

- जिल्ला वन कार्यालय महोत्तरीको जाँचपास रिपोर्टमा रु.८,५२,५००। को खर्चमा तोकिएको कार्य सम्पन्न भएको भनि उल्लेख भएको देखिन्छ भने तोकिए वमोजिमको वाँसको कलमी विरुवा उपलब्ध नभएकोले १ बर्षे वाँसको कलमी विरुवा खरिद गरी कार्य सम्पन्न गरेको भन्ने कुरा कार्य सम्पन्न प्रतिबेदनवाट देखिन्छ ।
- त्यसैगरी मुसहर सामुदायिक वन उपभोक्ता समितिको च.नं. २५ मिति २०७५/३/२६ को पत्रवाट जिल्ला वन कार्यालयलाई तोकिएको कार्य सम्पन्न भएकोले संझौता वमोजिमको रकम भुक्तानीको लागि पत्राचार गरेको देखिन्छ ।
- उपभोक्ता समुहको मिति २०७५/३/२७ मा उठाईएको गोश्वारा भौचरमा विररुवा खरिदमा रु.६,००,०००।, विरुवा ढुवानीमा- रु.१२,०००।, खाल्डो खन्नेमा रु.१,९२,०००। र विरुवा रोपणमा रु.४८,०००। गरी कुल जम्मा रु.८,५५,०००। खर्च भएको देखाईएको पाईन्छ ।

- विरुवा ढुवानी ना ३ त २०२४ नं को ट्याक्टरवाट भएको र उक्त ढुवानी वापत प्रति ट्रिप रु.२५,००। को दरले ५ ट्रिपको रु.१२,५००। र ढुवानी कर १० प्रतिशतले हुने रकम रु.१२५०। गरी जम्मा रु.१३,७५०। मिति २०७५/३/९ मा वुझी भरपाई गरेको देखिन्छ ।विरुवा ढुवानीमा लेखेको खर्च र ढुवानी वापत बुझेको खर्चमा मेल खाएको देखिदैन ।

- हामी अनुगमनको क्रममा बृक्षारोपण क्षेत्र निरीक्षण गर्दा सो क्षेत्रमा बृक्षारोपण गरेको वा गर्न तयारी गरेको अवशेष रहेको पाईएन । यस वारेमा समूहका पदाधिकारीलाई सोध्दा आगलागीवाट सम्पूर्ण बिरुवाहरु जलेको भन्ने जानकारी गराएको र सोही विषयमा वन कार्यालयका कर्मचारी संग मौखिक जानकारी लिदा उक्त क्षेत्रमा आगलागी नै नभएको जानकारी गराएकोले यस सम्वन्धमा कागजात मिलाई कामनै नगरी रकम हिनामिना गरेको हुनसक्ने भएवाट सो विषयमा स्पष्ट भई उक्त कार्यमा संलग्नलाई कानुन बमोजिम कारवाही हुनुपर्ने देखिन्छ ।

**ख.** वर्दिवास ११ मा पर्ने **सरस्वती वन उपभोक्ता समितिमा** काठ दाउरा उपभोक्तालाई उपलब्ध नगराई विचौलियालाई दिने र आम्दानी भएको रकम हिनामिना गरेको भन्ने उजुरीको विषयमा निम्नानुसार रहेको देखिन्छ-

सरस्वती सामुदायिक वन उपभोक्ता समितिको विधान २०६२ अनुसार स्थापना भएको देखिन्छ । उक्त बन उपभोक्ता समितिको विधान २०६२ र पुनरावलोकन (संशोधित) वन कार्ययोजना २०६८ अनुसार कामकारवाही भैरहेको देखिन्छ । उक्त कार्ययोजना आ.व. ०७२/७३ सम्म रहेको देखिन्छ भने हाल कुनै कार्ययोजना वनाएको देखिदैन ।

सरस्वती सामुदायिक वन उपभोक्ता समितिको विधान-२०६२ को दफा १९ मा कोषको संचालनको तरिका सम्वन्धि ब्यवस्था गरेको पाईन्छ जस अनुसार रकम खर्च गर्नुपर्दा समितिको निर्णयले रु.५,०००। सम्म खर्च गर्न पाईने छ, त्यो भन्दा वढी रकम खर्च गर्नु परेमा साधारण सभाको वहुमतको स्वीकृती आबस्यक पर्ने, जुनसुकै रपमा गरेको खर्च भएतापनि उपभोक्ताको साधारण सभावाट अनुमोदन गराउनुपर्ने उल्लेख भएको पाईन्छ तर उक्त वन उपभोक्ता समितिको २०६९ साल श्रावणवाट २०७१ साल असार सम्म साधारणसभा वसेको देखिदैन र उक्त समयमा भएको खर्च बैधानिक भयो भन्न सक्ने अवस्था नदेखिदा यस सम्वन्धमा थप कारवाहीको लागि सम्वन्धित निकायमा लेखि पठाउन मनासिव देखिन्छ ।

सरस्वती सामुदायिक वन उपभोक्ता समितिको मिति २०७१/५/२८ मा वसेको साधारण सभाको बैठकले आ.व. २०६९/४/१ देखि २०७१ भदौ महिना सम्मको आम्दानी खर्चको विवरण प्रस्तुत गरी अनुमोदन गरेको देखिन्छ । आ.व. ०६९/७० देखि आ.व. ०७१/७२ सम्मको आम्दानी रु.५२,०८,८०८। र सम्पुर्ण खर्च रु.३०,७५,१३९। देखिन्छ भने जम्मा वचत रु.२०,३३,६६९। रहेकोमा कोषमा रहेको रकम मध्येवाट विद्युतलाई ऋण दिएको रु.८,२४,५३३। र अर्को बर्ष अडिटमा ---- हिसाव रु.९,३५,८००। वाट वाकी बैक मौज्दात रु.२,७३,३३७। रहेको भनि साधारण सभाले पास गरेको देखिन्छ ।

उक्त साधारण सभाले पुरानो कार्यकारीणि समितिको म्याद समाप्त भएकोले हाल वर्दिवास न.पा वडा नं. ११ का वडा अध्यक्षको अध्यक्षतामा १३ सदस्यिय कार्यकारी समिति ३ वर्षको लागि गठन गरेको देखिन्छ ।

श्री सरस्वति सामुदायिक वन उपभोक्ता समितिको च.नं. ८ मिति २०७१/६/४ को पत्रवाट नया कार्य समितिका अध्यक्ष सुकलाल थिङले नया अध्यक्ष धन वहादुर लामालाई समुहको आर्थिक रकम रु.२०,४९०। सहितको मासामान वुझाएको देखिन्छ ।

मिति २०७१/१०/३ मा वसेको वन उपभोक्ता समितिको साधारण सभाले ढलापढा काठदाउरा संकलन गर्ने सम्वन्धि प्रस्तावमा सरस्वती सामुदायिक वनको कार्ययोजनामा उल्लेख भए अनुसार ढलापडा काठ संकलन गरी उपभोक्तालाई वितरण गरी बाँकी रहेका काठदाउरा समुह वाहिर विक्री गर्ने गराउनको लागि जिल्ला वन कार्यालय जलेश्वरमा माग गराउने भनि निर्णय गरेको देखिन्छ ।

उक्त सामुदायिक वनको छपान लगत मूल्यांकन रजिष्टरमा छपान रुखको संख्या २६० रहेको देखिन्छ भने छपान लगत तालिकामा २६० वटा सालको रुख रहेको र जम्मा काठको नेट आयतन ६२६६ घन फिट र दाउरा ११.७८ चट्टा रहेको देखिन्छ ।

जिल्ला वन कार्यालय महोत्तरीको च.नं. १५६४ मिति २०७२/२/१४ को पत्रवाट संकलन सहमति दिएको पाईन्छ । उक्त पत्रमा साल संख्या २५५ को स्वीकार्य कटान परिणाममा १२१०१, असना ११००, खयर १००० र अन्य ६०० र  दाउरा चट्टा ११ उल्लेख भएको पाईन्छ ।

मिति २०७२/४/२२ मा वसेको साधारण सभाले खानेपानीको लागि छुट्याएको रकम निकाल्ने र कार्यालयको कामकाजको लागि भएको खर्च गरी एकमुष्ठ रकम निकाल्ने भनि निर्णय गरेको देखिन्छ ।उक्त निर्णयमा के कति रकम खर्च गर्ने भन्ने उल्लेख भएको देखिदैन ।

त्यसैगरी उक्त सामुदायिक वनमा जिल्ला वनले आ.व. ०७२/७३ को कटान आदेश पठाएकोले उपभोक्तालाई जानकारी गराई सबैको सहमतीवाट कटान गर्न भनि निर्णय गरेको देखिन्छ ।

मिति २०७२/२/२८ मा वसेको उपभोक्ता समितिको बैठकले कटान तथा संकलन सम्वन्धि प्रस्तावमा छलफल गर्दा जिल्ला वन कार्यालय महोत्तरीको च.नं. १५६४ मिति २०७२/२/१४ को संकलन सहमती पत्र अनुसार छपान भएका रुखहरु यस समितिको पत्र अनुसार छपान भएका रुखहरु यस समितिको रोहवरमा ५३ जना लेवर तोकेको देखिन्छ ।

उक्त वन उपभोक्ता समितिको मिति २०७२/१२/५ मा वसेको बैठकले गोलिया काठ तथा दाउराको लगत प्रमाणित समर्थनको प्रस्तावमा जिल्ला वन कार्यालय महोत्तरीको आदेश वमोजिम यस सामुदायिक वन उपभोक्ता समुह महोत्तरीलाई लगत छपान गरी पेश गर्ने भनि पत्रादेशानुसार २६० गोटा रुखको छपान गरी पेश गर्ने भनि पत्र अनुसार २६० गोटा रुखको छपान तथा मूल्यांकन गरी जम्मा ९४६४.७४ क्युफिट ग्रस आयतनवाट नेट आयतन ६२६५.८९ क्युफिट र मिश्रित दाउरा ११ चट्टाको लागि जिल्ला वन कार्यालय महोत्तरीको च.नं. १५६४ मिति २०७२/२/१४ को संकलन सहमति पत्र अनुसार छपान बमोजिमको ढलापडा, सुखड, खडा पुरानो रुखहरको हाँगा/विङ्गा वढी नहुदा नियम अनुसार टुन टुक्रा, सेक्सन कटिङ मार्फत गोलिया काठमा निस्कन सक्ने सम्मको

काठहरुलाई गोलियामा नै लगत लिंदा ग्रस आयतनको परिणाम भित्रै तपसिल बमोजिम दाउराको परिणाम घट्न गई गोलिया काठको परिणाममा बृद्धि भई साल गोलिया थान ८८६ को ७३५१.९८ क्युफिट, अस्ना गोलिया गोलिया थान ९ को ६३.८५ क्युफिट, सिरिस गोलिया थान ४ को ५३.४२ क्युफिट र आँप गोलिया थान २ को २९.१४ क्युफिट गरी जम्मा गोलिया थान ९०१ को ७,४९८.३९ क्युफिट र मिश्रित दाउरा ६ चट्टाको लगत ठिक साँचो हो भनि निर्णय गरी नियमानुसार चेक जाँच गरी प्रमाणित तथा समर्थनको लागि जिल्ला वन कार्यालय महोत्तरीमा पेश गर्ने भनि निर्णय गरेको देखिन्छ ।

त्यसैगरी यस सामुदायिक वन उपभोक्ता समुह खयरमारा १ र ९ को सामुदायिक वन क्षेत्रवाट आ.व. ०७१/७२ मा नियमानुसार संकलन भएका काठ दाउरा यस समुह भित्र यस समुहका छिमेकी समूहहरु तथा स्थानीय स्तरमा कुनै कोही ब्यक्ति, संघ/संस्था वा निर्माण प्रयोजन वा दैवी प्रकोप, घरकाज, हलो जुवा आदि प्रयोजनको लागि आवस्यकता परिपूर्ती गर्न लाई आजको मितिवाट १५ दिन भित्र सरस्वती सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा निबेदन दिन सर्वसाधारणलाई जानकारी गराउन सुचना प्रकाशित गर्ने निर्णय गरेको देखिन्छ भने उक्त निर्णयानुसार सोही मितिमै सूचना प्रकाशित गरेको देखिन्छ ।

उक्त सामुदायिक वन उपभोक्ता समितिले साधारण सभाले काठ दाउरा लिलाम विक्री सम्वन्धि प्रस्तावमा वन क्षेत्रवाट आ.व. ०७१/७२ मा उत्पादन भएक काठ दाउराको लगत सम्वन्धित ईलाका वन कार्यालय, सेक्टर वन शाखा कार्यालय तथा जिल्ला वन कार्यालयवाट नियमानुसार चेकजाँच प्रमाणित तथा समर्थन भई आईसकेको तथा समुहभित्र, छिमेकी समूह र स्थानिय स्तरमा समेत काठ/दाउराको आपूर्तिको लागि १५ दिने सूचना अवधिमा कुनै माग भई नआएकोले काठ दाउराको घाटगद्दीमा राखी राख्न चोरी निकासी, वाढीपहिरोले वगाउने, पुरानो काठ भएकोले कुहिने र आगलागीवाट नष्ट हुने डर भएकोले तपशिल वमोजिमको काठ दाउरा लिलाम वीक्रीको लागि जिल्ला वन कार्यालयलाई अनुरोध गर्ने निर्णय गरेको देखिन्छ ।

<u>तपसिल</u>

१. साल गोलिया ६५९ थानको ५४७९ क्यूफिट
२. अस्ना गोलिया ९ थानको ६३.८५ क्यूफिट
३. सिरिस गोलिया थान ४ को ५३.४२ क्यूफिट
४. आँप गोलिया २ थानको २९.१४ क्यूफिट
५. मिश्रित दाउरा ३.५ चट्टा

२५ प्रतिशत गोलिया काठ र ४० प्रतिशत दाउरा आपूर्ती समितिलाई

१. गोलिया काठ थान २२७ को १८७२.३४ क्यूफिट
२. मिश्रित दाउरा २.५ चट्टा

वन उपभोक्ता समितिको मिति २०७३/१/१४ को बैठकले जिल्ला वन पैदवार आपूर्ती समितिलाई छुट्याईएको गोलिया काठ र दाउरा वाहेक साल जात समेतको गोलिया थान ६७४ को ५६२६.०२ क्यूफिट काठ तथा मिश्रित दाउरा समुह वाहिर अनेत्र लिलाम बिक्रिको लागि जिल्ला वन कार्यालय महोत्तरीसंग लिलाम सहमती माग गर्ने निर्णय गरेको देखिन्छ ।

मिति २०७३/१/२२ को वन ब्यवस्थापन समितिको निर्णयानुसार समुहको सामुदायिक वन क्षेत्रवाट उत्पादन भएको सालजात समेतको गोलिया थान ६७४ को ५६२६.०२ क्यूफिट गोलिया काठ र मिश्रित दाउरा ३.५० चट्टा जिल्ला वन कार्यालय महोत्तरीको च.नं. ६४८ मिति २०७३/१/२१ को पत्रानुसार ब्यापारीक परियोजनाको लागि विक्री/वितरण गर्ने सहमति प्राप्त भएकोले समुहवाट र हिमालयन टाईम्स राष्ट्रिय दैनिकमा मिति २०७३/१/२४ वाट सूचना प्रकाशन गर्ने भनि निर्णय गरेको देखिन्छ ।

उक्त समुदायिक वनको च.नं. १५ मिति २०७३/१/२४ को पत्रवाट काठ/दाउरा लिलामको सूचना टाँस गरी जानकारी गराउन भनि श्री जिल्ला प्रशासन कार्यालय, महोत्तरी, श्री जिल्ला विकास समितिको कार्यालय, महोत्तरी, श्री जिल्ला वन कार्यालय, महोत्तरी, श्री कोष तथा लेखा नियंत्रण कार्यालय, महोत्तरी, श्री मालपोत कार्यालय, महोत्तरी, श्री खयरमारा सेक्टर वन कार्यालय लक्ष्मीनिया, महोत्तरी, श्री चिसापानी ईलाका वन कार्यालय चिसापानि, खयरमारा, श्री खयरमारा गा.वि.स. को कार्यालय, खयरमारा र श्री छिमेकी सा.व.उ.स. हरुलाई पत्राचार गरेको देखिन्छ ।

सामुदायिक वन उपभोक्ता समितिको मिति २०७३/२/१५ मा वसेको बैठकले १. वोलपत्र खोल्ने २. वोलपत्र स्विकृत गर्ने ३. सकार रकम दाखिला गर्ने भन्ने प्रस्ताव अनुसार प्रस्ताव नं. १ जिल्ला वन कार्यालयको मिति २०७३/१/२१ को लिलाम सहमती अनुसार यस समुहवाट र हिमालयन टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा तोकिएको म्याद भित्र जि.व.का. महोत्तरीवाट ६ वटा लटको १८ वटा वोलपत्र फारामहरु विक्री भई मिति २०७३/२/१४ गते यस समूहको कार्यालयमा दर्ता हुन आएका सिलवन्दी वोलपत्र खाम ३ विभिन्न प्रतिनिधिहरुको रोहवरमा खोली हेर्दा प्रकाश काष्ठ उद्योग कोटेश्वरले लट नं. १ को साल तथा आप गोलिया थान ५८ को ९९३.७४ क्यूफिटमा रु.११,७८,६६७।, लट नं. २ को साल गोलिया थान १०८ को ९९३.२२३ क्यूफिटमा रु.८,४५,२३३/ लट ३ को साल गोलिया थान १०७ को ९९३.६३२ क्यूफिटमा रु.८,४५,५८१ लट ४ को सालजात समेतको गोलिया ११८ को ९९६.२३७ क्यूफिटमा रु.७,००,३३१ लट ५ को साल गोलिया थान १६५ को ९९७.१३६ क्यूफिट गोलिया काठमा

रु.४,९९,५७९ र लट ६ को साल गोलिया काठ थान ११८ को ६५१.६८३ क्यूफिट गोलिया काठ र मिश्रित दाउरा ३.५० चट्टामा रु.३,७८,९९४। कबोल गरी सबैभन्दा वढी रकम रु.४४,४८,३५८। रहेकोले निजको बोलपत्र स्वीकृत गर्ने निर्णय गरेको देखिन्छ ।

उक्त वन उपभोक्ता समितिको मिति २०७५/१२/१० मा वसेको बैठकले आ.व. ०७२/७३ मा जिल्लाका सर्वसाधारण जनताहरुलाई नियमानुसार विक्री वितरण गर्नका लागि जिल्ला वन पैदावर आपूर्ति समितिले नउठाएकोले सो काठदाउरा सडिगली जाने र काठको हैसियत विग्रिन गई नेपाल सरकारको राजश्व र समूहमा जम्मा हुन आउने आम्दानी समेत नहुने भएकोले सो काठ दाउरा समुहमानै फिर्ता गरी पाउँ भनि आवस्ययक कागजात सहित वन पैदावर आपुर्ति समितिमा पेश हुदा समितिको निर्णयानुसार काठ दाउरा समुहमै फिर्ता हुन आएकोले उक्त काठ दाउरा समूहमा रहेका उपभोक्तालाई वन कार्ययोजना र विधान अनुसार विक्रीवितरणको लागि माग दावीको लागि ७ म्याद दिने निर्णय गरेको देखिन्छ ।सोही निर्यानुसार मिति २०७५/१२/१० मा ७ दिनको सूचना प्रकाशित गरेको देखिन्छ ।

मिति २०७५/१२/१८ मा वसेको उपभोक्ता समितिको बैठकले तोकिएको म्याद भित्र कुनैपनि उपभोक्ताको निबेदन समूहको कार्यालयमा पर्न नआएकोले उक्त काठ दाउरा लिलाम विक्रीको लागि डिभिजन वन कार्यालयवाट सहमति माग गर्ने भनि निर्णय गरेको देखिन्छ ।

मिति २०७६/१/२० मा वसेको उपभोक्ता समितिको बैठकले मिति २०७६/१/२० देखि लागु हुनेगरी २१ दिने सूचना प्रकाशित गर्ने निर्णय गरेको देखिन्छ ।

वन उपभोक्ता समितिको मिति २०७६/२/१० मा वसेको बैठकले वोलपत्र फाराम खोल्ने, वोलपत्र फाराम स्वीकृत गर्ने प्रस्तावमा निम्नानुसारको निर्णय गरेको देखिन्छ । वोलपत्र खोल्ने सम्वन्धमा छलफल गर्दा यस समुहले मिति २०७६/१/२० गते प्रकाशित गरेको सूचना वमोजिम काठ दाउरा लिला विक्रीको वोलपत्र फाराम यस समुहमा समय भित्र पर्न आएका नवदुर्गा सःमिल महोत्तरी, नमोबुद्ध फर्निचर शो-रुम र मनकामना सप्लायर्सको गोप्य शिलवन्दी खाम -३ थान खोल्ने भनि सर्वसहमतीवाट निर्णय गरीयो भनि निर्णय गरेको देखिन्छ ।

त्यसैगरीवोलपत्र स्विकृत गर्ने सम्वन्धमा समूहहरुले काठ दाउरा लिलाम विक्रीको प्रकाशित सूचना अनुसार रीतपूर्वक पर्न आएका गोप्य शिलबन्दी वोलपत्र फाराम मनकामना सप्लायर्स खयरमारा-४ को साल जात ३२५.१९ को रु. ३,२८,४४१.९०। र साल जात ग्रेट सी ६६८.०४ क्यूफिट काठको रु.३,४०,७००.४०। सकार गरेको यसैगरी नमो बुद्ध फर्निचर शो-रुम ले लट १ को ग्रेड A साल जात ३२५.१९ क्यूफिट काठको सकार रकम रु.३,३१,६९३.८०। र ग्रेड C साल जात

६६८.०४ क्यूफिट काठको सकार रकम रु.३,४७,३८०.८०। रहेको र नवदूर्गा सःमिलको साल जात लट नं. १ को ग्रेड A साल जात ३२५.१९ क्यूफिट काठको सकार रकम रु.३,४१,४४९.५०। र ग्रेड C साल जात ६६८.०४ क्यूफिट काठको सकार रकम रु.३,६७,४२२.००।र लट २ साल जात ग्रेट B ८८९.१२ क्यूफिट काठको कबुल रकम रु.६,५९,५४०। र साल दाउरा २.५ चट्टाको रु.३२,५००। मा कबुल गरेएको ।
त्यसैगरी मनकामना सप्लायर्सले लट नं. २ साल जात रहेको ग्रेट B ८८९.१२ क्यूफिट काठको कबुल रकम रु.६,२४,१७५.२०। र साल दाउरा २.५ चट्टाको रु.३०,५००। मा कबुल गरेएको देखिन्छ।

त्यसैगरी नमोबुद्ध फर्निचरले लट नं. २ साल जात रहेको ग्रेट B ८८९.१२ क्यूफिट काठको कबुल रकम रु.६,३२,९६६.४०। र साल दाउरा २.५ चट्टाको रु.३१,२५०। मा कबुल गरेएको ।र तीनै वटा गोप्य शिलवन्दी फारामहरु मध्ये सबैभन्दा वढी रकम सकार गर्ने नवदूर्गा सःमिलको नाममा वोलपत्र पाराम स्वीकृती गर्ने निर्णय सर्वसहमतिवाट पारित गरीयो भन्ने निर्णय गरेको देखिन्छ ।
उल्लेखित लट नं. १ र २ का साल गोलिया तथा दाउरा रितपूर्वक यस समुहको कार्यालयमा पर्न आएका वोलपत्र फारामहरु मध्ये सबैभन्दा वढी रकम सकार गर्ने नवदूर्गा सःमिलका प्रो. सुरेस साहको नाममा स्विकृती गरिएकोले सो काठदाउरा वापत एकमुष्ठ हुन आउने जम्मा रकम रु.१४,००,७११.५० मध्ये समूहको खातामा ८५ प्रतिशतले हुन आउने रकम र वनमा जम्मा १५ प्रतिशत रकम जम्मा गर्न भनि सुरेस साहलाई प्रत्राचार गर्ने भनि निर्णय गरेको देखिन्छ ।

उक्त समूदायिक वन उपभोक्ता समितिले खर्च गरेको रकमको वील पेश गरी कारोवार गर्नुपर्नेमा निम्नानुसारको रकमको वील संलग्न देखिएन ।

| सि.नं. | मिति | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | २०७६/२/७ | १,०५०। | |
| २ | २०७६/१/९ | ३२०। | |
| ३ | २०७६/२/१३ | ३७५। | |
| ४ | २०७६/४/७ | ७५०। | |
| ५ | २०७६/२/११ | ३००। | |
| ५ | | ८४०। | |
| ६ | २०७५/४/१७ | ९५०। | |
| ७ | २०७५/१०/२३ | १२०००। | |

| | | | |
|---|---|---|---|
| ८ | २०७६/२/१३ | १४०००। | |
| ९ | २०७६/१०/१२ | २४२४१०। | |
| १० | २०७६/१/१९ | २५८००। | |
| ११ | २०७६/१/१२ | ९२०५। | |
| १२ | २०७५/१२/३१-२०७६/१/८ | १३९६०। | |
| १३ | २०७८/२/१३ | ६४५०। | |
| १४ | २०७६/२/१४ | ४२००। | |
| १५ | २०७५/१२/२० | १४००। | |
| १६ | २०७६/२/४-२०७६/२/११ | ८०८०। | |
| १७ | २०७६/१/१४ | ६७३७०। | |
| १८ | २०७६/१/११ | ७२३०। | |
| १९ | २०७५/१२/१८ | ४५३०। | |
| २० | २०७५/१२/६ | ८८१५। | |
| २१ | २०७५/१०/९ | १७३४०। | |
| २२ | २०७६/२/१६ | २८४०। | |
| २३ | २०७५/५/३ | ४७०५० | |
| | जम्मा | ४९६९६५। | |

# ४ सूझावहरु

१. मुसहर सामुदायिक वन उपभोक्ता समिति मुसहरको जिवनस्तर माथि उठाउने उद्येश्यको लागि गठन भएको देखिन्छ । माथि तथ्य खण्डमा उल्लेख भए अनुसार उपभोक्ता समितिले विधान अनुसार कार्य नगरी आफूखुसी ढंगवाट रकम खर्च गर्ने र खर्च गर्दा अपनाउनुपर्ने सामान्य प्रकृया समेत पुरा नगरेको, खर्च प्रणाली पनि पारदर्शी नभएको जवाफदेहिता र उत्तरदायित्व समेत वहन नगरी आफूखुसी खर्च लेखि समूहको रकमको दुरुपयोग गरेको संलग्न कागजातहरुवाट देखिदा यस सम्वन्धमा थप छानविन तथा कारवाहीको लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउन मनासिव हुने देखिन्छ ।

२. सरस्वती सामूदायिक वन उपभोक्ता समितिले समेत तोकिएको समयमा साधारण सभा वोलाई साधारण सभाले तोकेको क्षेत्रमा रकम खर्च गर्नुपर्नेमा सो नगरी मनपरी ढंगवाट गरेको खर्च

सहि ठाउँमा भयो भन्न सक्ने अवस्था नदेखिदा यसमा थप छानविन तथा कारवाहिको लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउन मनासिव हुने ।

**राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७७/०९/२८ को निर्णयः**

महोत्तरी जिल्ला, वर्दिवास न.पा.-१० स्थित मुसहर वन उपभोक्ता समितिले रकम हिनामिना गरेको हुँदा छानबिन गरी कारवाही गरिपाउँ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गठित टोलीबाट पेश भएको छानबिन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा विधान अनुसार र सामान्य प्रकृया समेत पूरा नगरी आफूखुशी खर्च गरेको देखिएकोले थप छानबिन तथा अनुसन्धानका लागि उजुरी र छानबिन प्रतिवेदन सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाई लगत कट्टा गर्ने निर्णय गरियो ।